मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ • अंक ३७ • २०८२ साल पौष ०४ गते शुक्रबार • Friday 19, December 2025 • सूर्योदय: बिहान ०६:४९ बजे • सूर्यास्त: साँझ ५:१६ बजे • पृष्ठ ४ • मूल्य रु. ५/-

## एमालेले बोलायो केन्द्रीय कमिटी बैठक

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी एमालेको नवनिर्वाचित केन्द्रीय कमिटीको पहिलो बैठक बोलाइएको छ । शुक्रबार दिउँसो १ बजे बैठक बोलाइएको एमाले नवनिर्वाचित सचिव डा राजन भट्टराईले जानकारी दिए । बैठक बबरमहलस्थित कार्की ब्याङ्केटमा बस्नेछ ।

बिहीबार सम्पन्न एमालेको ११औँ राष्ट्रिय महाधिवेशनले केपी शर्मा ओलीको नेतृत्वमा ३०१ नयाँ केन्द्रीय कमिटी निर्वाचित गरेको छ । कमिटीमा उपाध्यक्षमा पृथ्वी सुब्बा गुरुङ, विष्णुप्रसाद पौडेल, रामबहादुर थापा, गोकर्णराज विष्ट, र रघुजी पन्त विजयी भएका छन् ।

यस्तै, महासचिवमा शंकर पोखरेल निर्वाचित भएका छन् । उपमहासचिवमा लेखराज भट्ट, रघुवीर महासेठ र योगेश भट्टराई निर्वाचित भएएका छन् ।

त्यसैगरी, सचिवमा महेश बस्नेत, छविलाल विश्वकर्मा, पद्माकुमारी अर्याल, शेरधन राई, हिक्मतकुमार कार्की, खगराज अधिकारी, यामलाल कँडेल, राजन भट्टराई र भानुभक्त ढकाल विजयी भएका छन् ।

# नेपाल प्रवेश गर्न लागेका रोहिंग्या भारततिरै फिर्ता



**मधेशदृष्टि**
**वीरगंज ।**
सीमावर्ती भारतीय सहर रक्सौलबाट वीरगंज नाका हुँदै नेपाल प्रवेश गर्न लागेका बङ्गलादेशी रोहिंग्या समुदायका शरणार्थीहरूको ठूलो समूहलाई पुनः भारत फिर्ता पठाइएको छ ।

बुधबार एक दर्जन बढी टाँगा मार्फत ८० भन्दाबढी रोहिंग्या शरणार्थी वीरगंज–रक्सौल नाका हुँदै नेपाल प्रवेश गर्न लागेको सूचना पाएपछि वीरगंजका स्थानीयले उनीहरूलाई बाइपास रोडको नगवामा रोकेर सोधपुछ गरेका थिए ।

सोधपुछका क्रममा रोहिंग्या शरणार्थीले आफूहरू भारतको उत्तर प्रदेश (युपी) घर भई नेपाल काम गर्नका निमित्त प्रवेश गर्न लागेको बताए पनि शङ्का लागेपछि प्रहरीको जिम्मा लगाएर उनीहरूलाई भारत तर्फ फिर्ता पठाइएको हो ।

शरणार्थीहरूलाई युवाले वीरगंज भन्सारसम्म पु¥याएर प्रहरीको जिम्मा लगाएका थिए । युपी घर बताउने तर राम्रो हिन्दी बोल्न नसक्ने, स्पष्ट कागजात नभएका उनीहरूले नेपाल प्रवेश गर्ने उद्देश्य पनि खुलाउन नसकेपछि शङ्का लागेर प्रहरीको जिम्मा लगाएको स्थानीय युवा रञ्जित सर्राफले बताए । खुला सीमाको प्रयोग गर्दै ठूलो समूहमा रहेको बङ्गलादेशी रोहिंग्या समुदायका शरणार्थी नेपाल प्रवेश गरेका थिए ।

प्रारम्भिक जाँचक्रममा उनीहरूले भारतको उत्तर प्रदेशमा बसोबास रहेको दाबी गरे पनि उनीहरूको गतिविधि र भनाइमा तालमेल नदेखिएपछि सुरक्षाको संवेदनशीलतालाई मध्यनजर गर्दै भारततर्फ फिर्ता पठाइएको सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगंजले जनाएको छ ।

भारतमा अवैध रुपमा बसोबास गर्दै आएका बङ्गलादेशी रोहिंग्या समुदायका मानिसहरू नेपालमा गैरकानूनी रुपमा प्रवेश गरिरहेको समाचार सार्वजनिक भएपछि जिल्ला प्रशासन कार्यालय पर्साले वीरगंजसहित जिल्लाका सबै सीमा नाकामा सुरक्षाकर्मीको चेकजाँच र निगरानी बढाइएको पर्साका सहायक प्रमुख जिल्ला अधिकारी विनोद कुमार पोखरेलले बताए ।

कोही पनि शङ्कास्पद व्यक्ति जिल्लाभित्र प्रवेश गरेको अवस्थामा त्यस्ता व्यक्तिको सम्बन्धमा नजिकको सुरक्षा निकायहरूमा जानकारी गराउन जिल्ला प्रशासन कार्यालयले अपिल समेत गरेको छ ।

# आजदेखि नेपाल जेसीजको ५२औँ राष्ट्रिय सम्मेलन



**जनकपुरधाम ।**
युवा नेतृत्व विकास र उद्यमशीलता प्रवद्र्धनलाई केन्द्रमा राख्दै नेपाल जेसीजको ५२औँ राष्ट्रिय सम्मेलन तथा महाधिवेशन जनकपुरधाममा हुने भएको छ । शुक्रबारदेखि पुस ७ गतेसम्म जनकपुरधाम जेसीजको आयोजनामा तिरहुतिया गाछीमा सञ्चालन हुने सम्मेलनका लागि सम्पूर्ण तयारी लगभग सम्पन्न भइसकेको आयोजकले जनाएको छ ।

बिहीबार आयोजित पत्रकार सम्मेलनमा आयोजकले सम्मेलन स्थलमा आवश्यक भौतिक संरचना निर्माण, पाण्डाल तथा सभाहल व्यवस्थापन, सहभागी प्रतिनिधि र अतिथिका लागि आवास तथा भोजनको प्रबन्ध, सुरक्षा व्यवस्थालगायत सबै तयारी अन्तिम चरणमा पुगेको जानकारी दिएको हो । देशका विभिन्न भागबाट आउने प्रतिनिधिलाई सहज, सुरक्षित र व्यवस्थित सेवा प्रदान गर्ने गरी तयारी गरिएको जनाइएको छ ।

नेपाल जेसीजकी राष्ट्रिय अध्यक्ष रजनी थापाले चार दिनसम्म चल्ने सम्मेलनको पहिलो दिन भव्य उद्घाटन समारोह आयोजना गरिने बताइन् । उद्घाटनपछि बाँकी तीन दिन नेतृत्व विकास, विचार आदान–प्रदान तथा सिर्जनात्मक गतिविधिमा केन्द्रित विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ । ती कार्यक्रमअन्तर्गत ओराटोरी कन्टेस्ट, विषयगत सेमिनार, छलफल कार्यक्रम तथा राष्ट्रिय एसेम्बली मुख्य आकर्षण रहने आयोजकले जनाएको छ ।

महाधिवेशनमा विशेषगरी युवालाई आत्मनिर्भर बनाउने उद्देश्यसहित उद्यमशीलता र नेतृत्व विकासलाई प्राथमिकता दिइएको अध्यक्ष थापाको भनाइ छ । व्यवसाय शुरु गर्न चाहने युवाका लागि लक्षित तालिम कार्यक्रम सञ्चालन गरिनेछ भने आगलागीबाट हुनसक्ने सम्भावित क्षति न्यूनीकरणका लागि सचेतनामूलक तथा प्राविधिक तालिमसमेत समावेश गरिएको छ ।

चार दिनसम्म चल्ने राष्ट्रिय सम्मेलनमा देशभरका १ सय ७४ जेसीज शाखाबाट पाँच हजार प्रतिनिधिको सहभागिता रहने बताइएको छ ।

नेपाल जेसीजले प्रत्येक वर्ष गर्दै आएको राष्ट्रिय सम्मेलन युवाहरूको नेतृत्व क्षमता विकास, नीति निर्माण, संगठन सुदृढीकरण तथा सामाजिक उत्तरदायित्वका कार्यक्रम अघि बढाउने दृष्टिले महत्वपूर्ण मानिन्छ ।

# मधेशबाट एमाले पदाधिकारीमा निर्वाचित एक्ला महासेठ



**जनकपुरधाम ।**
नेकपा एमालेको ११औँ महाधिवेशन भइसकेको छ । महाधिवेशनबाट नयाँ कार्यसमिति चुनिएको छ । अध्यक्ष केपी शर्मा ओली खेमाको बर्चस्व देखिएको छ । ओली आफैँ अध्यक्ष पदमा ह्याट्रिक त गरे नै सँगै कार्यसमितिमा आफ्नो पकड पनि कायमै राख्न सफल भएका छन् । ईश्वर पोखरेल खेमाका गोकर्ण विष्ट र योगेश भट्टराईलाई छोडिदिने हो भने पदाधिकारी सबै पदमा ओली खेमाकै नेताहरु विजयी हुन सफल भए । ओली खेमा बाटै उपमहासचिव पदमा निर्वाचित भए जनकपुरका रघुवीर महासेठ । महासेठ मधेशबाट एमाले पदाधिकारीमा निर्वाचित एक्ला उम्मेदवार हुन् । मधेशबाट ओलीका विश्वास पात्रका रुपमा समेत उनलाई चिनिन्छ । महासेठको राजनीतिक पारी त्यति प्रभावशाली नरहेपनि एक दशकभित्रै सांसद हुँदै कैयौँपटक मन्त्री, उपप्रधानमन्त्री हुँदै पार्टी उपमहासचिव पदसम्मको यात्रा लोभलाग्दो छ । एमालेको विद्यार्थी संगठन अनेरास्ववियुबाटै राजनीति शुरु गरे पनि खासै सक्रियता भने राजनीतिमा महासेठको थिएन । पछि सिभिल इन्जिनियरिङका लागि उनी भारतको राँचीस्थित बीआइटी कलेज पुगे । अध्ययन सकाएर महासेठ जागिरका लागि इलाम पुगे । इलाममा भने उनी एमालेमा थोरबहुत सक्रिय भए । उनी इलाम जिल्ला सचिव भएर समेत काम सम्हालेको एमाले धनुषाका नेताहरु बताउँछन् । इलाममा एमालेका प्रभावशाली नेता झलनाथ खनालसँग उनको घनिष्ठता बढ्दै गयो । यद्यपि त्यो समय उनको नज्दिकी माधवकुमार नेपालसँग पनि बढ्दै गइरहेको थियो । राजनीतिमा सक्रियता बढ्दै जान थालेपछि महासेठको जागिर नै धरापमा पर्ने सम्भावना बढ्दै गयो । पछि माधव नेपालको पैरवीका आधारमा महासेठलाई उदयपुर सिमेन्टको जिएम बनाइयो ।

उदयपुर सिमेन्टको जिएम बनेपछि नेपालको ठूलै धनाढ्य व्यापारीमध्येका एक उपेन्द्र महतोको बहिनी जुलीकुमारी महतोसँग विवाह भयो । घरमा जुलीको आगमनसँगै उनको राजनीतिक करियरले विस्तारै भए पनि उडान लिन शुरु गरिसकेको थियो । उदयपुर सिमेन्टको जिएम पदबाट हटेसँगै महासेठले एमालेको सक्रिय राजनीतिलाई तीव्रता दिन थाले । एमालेको राजनीतिमा सक्रिय भएका महासेठको कित्ता परिवर्तनको खेल शुरु भयो । उनी माधव नेपालको सट्टा वामदेव गौतमको विश्वास पात्रको रुपमा एमालेभित्र आफ्नो स्थायित्व स्थापित गर्न सफल भए ।

महासेठ विसं २०५४ सालमा एमाले विभाजन हुँदा मालेको केन्द्रीय सदस्य बने । एमालेको २०५९ सालको सातौँ महाधिवेशनबाट केन्द्रीय सदस्य बने । आठौँ महाधिवेशनमा उनी केन्द्रीय सदस्य पदमा पराजित भए ।

लामो समय एमालेभित्र वामदेव गौतमको विश्वास पात्रका रुपमा रहेका महासेठ २०७१ मा सम्पन्न एमालेको नवौँ महाधिवेशनमा सचिव पदका उम्मेदवार बने तर पराजित भए । पछि महासेठ केपी शर्मा ओली नजिक हुन पुगे । केपी शर्मा ओलीको प्यानलबाट सचिव लडेका महासेठ केन्द्रीय सदस्य पदमा समेत जीत निकाल्न सकेनन् । हुन त महासेठले १० औँ महाधिवेशनमा सचिव पदमा जित निकालेका थिए ।

एमालेमा पदाधिकारीको उम्मेदवार हुनेले केन्द्रीय सदस्यमा समेत लड्न पाउने व्यवस्था छ । यदि, पदाधिकारी पराजित भए केन्द्रीय कमिटीबाट नबाहिरिउन् भन्ने उद्देश्यसहित दोहोरो उम्मेदवारीको व्यवस्था गरिएको थियो । तर महासेठ दुवै पदबाट पराजित भए ।

तर असलमा महासेठ एमालेभित्र ओली नजिक पुगेपछि मात्रै पारितोषित पाउन थाले । महासेठले पहिलो पटक विसं २०६४ सालमा भएको संविधानसभा निर्वाचनमा धनुषा निर्वाचन क्षेत्र नम्बर ४ बाट चुनाव लडे । तर उनलाई नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले पराजित गरे । पछि धनुषा निर्वाचन क्षेत्र नम्बर ५बाट निर्वाचित भएका डा. रामवरण यादव नेपालको प्रथम राष्ट्रपति भएपछि धनुषा निर्वाचन क्षेत्र नम्बर ५ मा फेरि निर्वाचन भयो । जहाँ महासेठ पहिलो पटक निर्वाचित भए ।

सांसद भएलगत्तै झलनाथ खनाल नेतृत्वको सरकारमा २०६७ साल फागुन १ गते पहिलो पटक नेपाल सरकारको मन्त्रिमण्डलमा स्थान पाए । उनलाई सिँचाई मन्त्रीको जिम्मेवारी दिइएको थियो । महासेठको सिँचाई मन्त्रालयको कार्यकाल ६ महिनाससम्म मात्रै टिक्यो । संविधान जारी भएपछि २०७४ सालमा भएको निर्वाचनमा धनुषा निर्वाचन क्षेत्र नम्बर ५ बाटै विजयी भए । निर्वाचनपछि ओली नेतृत्वको सरकार गठन हुँदा महासेठलाई २०७४ चैत २ गते भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयको जिम्मेबारी दिइएको थियो । २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा महासेठ धनुषा निर्वाचन क्षेत्र नम्बर ४बाट नेपाली कांग्रेसका महेन्द्र यादवलाई पराजित गरेर विजयी भएका थिए ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७७ पुस ५ गते प्रतिनिधिसभा विघटन गरेपछि गरेको मन्त्रिपरिषद फेरबदलमा महासेठले स्थान पाएनन् । तर श्रीमती जुली महासेठलाई भने महिला बालबालिका समाजकल्याण मन्त्रालयको जिम्मेबारी दिइयो ।

त्यसपछि फेरि ओलीले मन्त्रिपरिषद फेरबदल गर्दा श्रीमतीलाई बाहिरको बाटो देखाइए पनि महासेठलाई परराष्ट्र मन्त्रालय जस्तो महत्वपूर्ण मन्त्रालयका साथै उपप्रधानमन्त्रीको जिम्मेवारी दिइएको थियो ।

# मुख्यमन्त्रीले आज विश्वासको मत लिने

**महेन्द्रनगर ।**
मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेशसभाबाट विश्वासको मत आज शुक्रबार लिने भएका छन् ।

मुख्यमन्त्री यादवले मधेश प्रदेशसभामा विश्वासको मत लिने व्यवस्था मिलाइदिन आग्रह गर्दै प्रदेशसभा सचिवालयलाई पत्र पठाइसकेका छन् । मुख्यमन्त्रीको सचिवालयका अनुसार संविधानको धारा १६८ अनुसार विश्वासको मत लिने प्रयोजनका लागि प्रदेशसभामा पत्राचार गरिएको हो । संविधानमा मुख्यमन्त्री नियुक्त भएको मितिले ३० दिनभित्र अनिवार्य रूपमा विश्वासको मत लिनुपर्ने व्यवस्था छ ।

मुख्यमन्त्री यादव मङ्सिर १९ गते नेपाली कांग्रेसका संसदीय दलका नेताका हैसियतमा सात दलका ७७ जना प्रदेशसभा सदस्यको समर्थनमा मुख्यमन्त्रीमा नियुक्त भएका हुन् । प्रदेशसभामा विद्यमान अवस्थाअनुसार मुख्यमन्त्री यादवले सहजै विश्वासको मत प्राप्त गर्ने अनुमान छ ।

विश्वासको मत प्राप्त गरेपछि मधेश प्रदेश सरकारको कार्यकाल थप स्थिर हुने र बजेट कार्यान्वयन, विकास निर्माण तथा सुशासनका कार्यमा सरकार अझ सक्रिय हुने अपेक्षा गरिएको छ । यसका लागि प्रदेशसभाको बैठक आज शुक्रबार साँझ ४ बजे बस्ने भएको छ ।

# कांग्रेस महाधिवेशन तोकिएकै समयमा हुन्छः घिमिरे

**जनकपुरधाम ।**
नेपाली कांग्रेसका युवा नेता गुरुराज घिमिरेले पार्टीको आगामी महाधिवेशन निर्धारित समयमै सम्पन्न हुने दाबी गरेका छन् । पार्टीभित्र महाधिवेशनको मिति र तयारीलाई लिएर विभिन्न अड्कलबाजी भइरहेका बेला उनले तोकिएकै समयसीमाभित्र महाधिवेशन हुनेमा कुनै शंका नरहेको बताए ।

जनकपुरधामस्थित नेपाली कांग्रेसको पार्टी कार्यालयमा बिहीबार सञ्चारकर्मीहरूसँग कुरा गर्दै संयोजक घिमिरेले महाधिवेशनको सम्पूर्ण प्रक्रिया विधानअनुसार अगाडि बढिसकेको जानकारी दिए । उनका अनुसार अहिलेसम्म महाधिवेशन रोक्ने वा ढिलाइ गराउने कुनै किसिमको विवाद वा अवरोध छैन ।

घिमिरेले पार्टी विधानले पुस २८ गतेभित्र महाधिवेशन सम्पन्न गर्नुपर्ने स्पष्ट व्यवस्था गरेको स्मरण गराउँदै समयमै महाधिवेशन गर्नु पार्टीको वैधानिक बाध्यता भएको बताए । यदि यो अवधिभित्र महाधिवेशन हुन नसके विशेष महाविधेशन बोलाउनुपर्ने अवस्था आउने उनले स्पष्ट पारे । त्यस्तो अवस्था नआओस् भन्ने उद्देश्यले पार्टीले तयारीलाई तीव्र बनाएको उनको भनाइ छ ।

'नेपाली कांग्रेससँग महाधिवेशन नगर्ने कुनै विकल्प छैन,' उनले भने, 'पार्टी नेतृत्वदेखि तल्लो तहसम्म सबै संरचना तयारीमा जुटेका छन् । त्यसैले तोकिएकै समयमा महाधिवेशन सम्पन्न हुन्छ भन्नेमा ढुक्क हुन सकिन्छ ।' घिमिरेले आगामी दिनमा प्रधानमन्त्री पनि मधेशबाट नेपाली कांग्रेसले नै दिने विश्वास व्यक्त गर्दै मधेश र कांग्रेसबीचको ऐतिहासिक सम्बन्ध अझ सुदृढ हुँदै जाने दाबी गरे ।

सम्पादकीय

# एमालेको ११ औँ महाधिवेशन र जबर्जस्त स्थापित नयाँ नेतृत्व

नेकपा एमालेको ११ औँ महाधिवेशन सम्पन्न भएको छ । काठमाडौँमा भएको महाधिवेशन जेन्जी आन्दोलनपछि दलहरुको सक्रियतामा एमालेले देखाएको पहिलो अभ्यास हो। नेपाली कांग्रेस एक महिनापछि महाधिवेशन गर्दैछ।

विभिन्न पार्टीहरु मिलेर बनेको नेपाली कम्युनिष्ट पार्टी (नेकपा) प्रदेशस्तरीय शक्ति प्रदर्शनमै रुमल्लिएको छ। वडादेखि पालिका, सदरमुकाम र काठमाडौँ हुँदै राष्ट्रिय महाधिवेशन गर्ने मामलामा एमालेले छलाङ नै मारेको छ।

महाधिवेशनबाट तेस्रो कार्यकालका लागि भारी मतसहित अध्यक्षमा केपी शर्मा ओली विजयी भएका छन् । उनको प्यानलका अधिकांशले जितेका छन् । पदाधिकारीमा प्रतिद्वन्द्वी ईश्वर पोखरेल समूहबाट उपाध्यक्ष गोकर्ण विष्ट र उपमहासचिव योगेश भट्टराईबाहेक बाँकीलाई ओली समूहले क्लिन स्विप नै गरेको छ। यस्तो अवस्थामा केन्द्रीय समितिमा केपी शर्मा ओली अरु बलियो हुने पक्का छ । यसपटक पदाधिकारीमा महेश बस्नेत पनि सचिवमा अटेका छन् । उनले संकटमा रहेको एमाले र अध्यक्ष केपी शर्मा ओलीलाई तेजोबध गर्नेहरुलाई ऐनमौकामा जवाफ दिएका छन्।

अबको कार्यभार भनेको युवा पुस्ता नयाँ अनुहारको चाखमा छन् । यसैले युवाको चाहना अनुरुप एमाले परिचालन हुनुपर्छ । अर्कोतिर हारेकाहरु धमाधम एमाले छाडिरहेका छन् । माधवकुमार नेपाल, झलनाथ खनाल, घनश्याम भूसाल, भीम रावल, वामदेव गौतम यसका उदाहरण हुन् । यो सूचीमा यसपटक हारेकाहरु नथपिउन् । अहिले पार्टीलाई एकतावद्ध गरेर लैजानु एमाले नेतृत्वको दायित्व हो।

# जेन्जी आन्दोलनले विस्थापित ओली एमाले नेतृत्वमा स्थापित



अशोक दाहाल

पार्टी अध्यक्षमा नवनिर्वाचित नेकपा एमालेका केपी शर्मा ओली गएको भदौ २३ र २४को जेन्जी आन्दोलनले सत्ताबाट बाहिरिन बाध्य गराएको एक प्रमुख पात्र हुन् । त्यसबेला पुराना अन्य राजनीतिक दलका नेता जस्तै केपी ओली ओलीको बालकोट र झापाको घरमा आगजनी र तोडफोड भयो।

नेपाली सेनाको संरक्षणमा एक साताभन्दा बढी समय बसेर मात्रै ओली ब्यारेकबाट बाहिर फर्किन सकेका थिए । प्रधानमन्त्री पदबाट राजीनामा दिएपछि बालुवाटारबाट हेलिकप्टर चढेर बाहिरिएका ओलीका लागि जेन्जी आन्दोलनपछि बालकोटस्थित घर फर्कन सक्ने अवस्थामा थिएन । उनी भक्तपुरको गुण्डूस्थित एउटा घरमा बसेर राजनीतिक गतिविधिमा संलग्न भैरहेका छन्।

त्यसबीचमा केही नेताहरूले एमालेमा तत्काल महाधिवेशन र नेतृत्व पुस्तान्तरणको बहस शुरु गरिसकेका थिए। सार्वजनिक जीवनमा फर्किएदेखि नै ओलीले जेन्जी आन्दोलनको आलोचना गर्न शुरु गरे।

राजनीतिक टिप्पणीकार डम्बर खतिवडा 'एमालेको महाधिवेशन प्रतिनिधिमा ओली समूहकै वर्चस्व रहेका' कारणले पनि हिंसात्मक आन्दोलनले सत्ताबाट हटाएका ओली पार्टी महाधिवेशन मार्फत नेतृत्वमा कायमै रहन सकेको धारणा राख्दछन्। 'ओली गुटले नै कब्जा गरेको र त्यही अनुसार महाधिवेशन प्रतिनिधिहरू छनौट भएर आएको हुनाले उनको जीत अस्वाभाविक भएन,' खतिवडा भन्छन्।

राजनीतिक टिप्पणीकार खतिवडा भन्छन्, 'उनले पार्टीलाई चाहिँ आफ्नो सोच अनुसार ढालिसकेका रहेछन् भन्ने बुझ्नु पर्ने भयो । एमाले पार्टी परिवर्तन र जेन्जी आन्दोलनका मुद्दाको सम्बोधन चाहनेहरूको विरुद्धको शक्तिका रूपमा उभिने भयो भन्ने यसले देखाउँछ,' खतिवडा भन्छन्।

महाधिवेशनको केही दिन अघि काठमाडौँमा सम्पादकहरूसँग बोल्दै ओलीले जेन्जी र सरकारबीच भएको सम्झौतालाई 'कलाविहीन भद्दा नाटक' भनेका थिए र सरकारलाई 'कसैले गोबर लगाएर टाँसेको' भनेर टिप्पणी गरेका थिए। अधिवेशनमा उनलाई चुनौती दिने गरी प्यानल खडा गरेर दुई धारको प्रतिस्पर्धा भयो । तर पार्टीको आन्तरिक संरचनामा आफ्नो पक्षमा नेता कार्यकर्ताको समर्थन रहेको ओलीले महाधिवेशनबाटै पुष्टि गराउने गरेको प्रयासमा उनी सफल भएको निर्वाचनको परिणामले देखाएको छ।

केपी ओलीले तोडेको इतिहास

झण्डै ५६ वर्ष अघि कम्युनिस्ट पार्टीको सदस्यता लिएका केपी शर्मा ओली नेकपा एमालेको नेतृत्वमा तीन पटक निर्वाचित हुने पहिलो नेता बनेका छन्।

कुनै समय पार्टीमा ओली निकट रहेर वरिष्ठ उपाध्यक्ष र महासचिव रहिसकेका उनका प्रतिस्पर्धी ईश्वर पोखरेललाई पराजित गर्दै ओली तेस्रो कार्यकालका लागि पार्टी अध्यक्ष निर्वाचित भएका हुन् । एमालेमा बहुदलीय जनवादको सिद्धान्त प्रतिपादन गरेका नेता मदन भण्डारी र माओवादी सशस्त्र द्वन्द्वदेखि शान्ति प्रक्रियासम्म अनि राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनकालका दौरान सबैभन्दा लामो समय पार्टीको नेतृत्व गरेका माधव नेपाल पार्टी नेतृत्वमा दुई–दुई पटक मात्रै चुनिएका थिए। सिरहामा भएको तत्कालीन नेकपा मालेको चौथो महाधिवेशनबाट २०४६ भदौमा पार्टीको कार्यकारी पद महासचिवमा चुनिएका मदन भण्डारी २०४७ पुसमा माले र नेकपा माक्र्सवादी एकीकरण भएर नेकपा एमाले बन्दा पनि महासचिव नै रहेका थिए।

त्यसको दुई वर्षपछि विसं २०४९ साल माघमा काठमाडौँको दशरथ रङ्गशालामा भएको पाँचौँ महाधिवेशनमा भण्डारी दोस्रो पटक पार्टीको महासचिवमा चुनिएका थिए। तर त्यसको चार महिनामै चितवनको दासढुङ्गामा भएको जीप दुर्घटनामा उनको निधन भयो र माधव नेपाल कार्यवाहक महासचिव भए।

त्यसपछि नेपाल २०५४ साल माघमा नेपालगन्जमा भएको छैटौँ अधिवेशनबाट उनी पार्टीको महासचिव चुनिएका थिए। माओवादी सशस्त्र द्वन्द्वका बीच २०५९ साल माघमा जनकपुरमा भएको सातौँ महाधिवेशनमा नेपाल दोस्रो कार्यकालका लागि महासचिवमा निर्वाचित भए। ओलीले त्यस बेला अध्यक्षमा दाबी गरे पनि अन्तिममा नेपाललाई समर्थन गरेको एमाले राजनीतिका जानकारहरू बताउँछन्।

एमालेमा ओलीले बनाउन सक्ने अर्को इतिहास

माओवादी शान्तिपूर्ण राजनीतिमा आएसँगै भएको संविधानसभाको निर्वाचनमा नेपाल पराजित मात्रै भएनन् एमाले तेस्रो दल बनेपछि उनले २०६५ वैशाखमा नेतृत्वबाट राजीनामाको घोषणा गरे । देशमा गणतन्त्र घोषणापछि भएको पहिलो अधिवेशनमा नेपालले उम्मेदवारी पनि दिएनन्।

त्यही बीचमा एमालेले पार्टीको विधान संशोधन गरेर महासचिव कार्यकारी हुने व्यवस्था हटाएर अध्यक्षात्मक व्यवस्था अपनाउने निर्णय ग¥यो । त्यसअघि पनि एमालेमा अध्यक्ष रहने व्यवस्था भए पनि त्यो पद कार्यकारी थिएन।

२०६५ फागुनमा बुटवलमा भएको एमालेको आठौँ महाधिवेशनमा प्रतिस्पर्धा गरे पनि केपी ओली झलनाथ खनालसँग पराजित भएका थिए। त्यसको छ वर्षपछि २०७१ असारमा भृकुटी मण्डपमै भएको नवौँ महाधिवेशनयता ओली निरन्तर पार्टी नेतृत्वमा निर्वाचित भइरहेका छन्।

'एमालेमा कुनै पनि नेता तेस्रो कार्यकालका लागि निर्वाचित भएको यो नै पहिलो इतिहास हो,' एमाले नेता विष्णु रिजाल भन्छन् । एमाले राजनीतिका जानकारहरूका अनुसार ओलीले अबको कार्यकाल पूरा अवधि नेतृत्व गरे अर्को पनि इतिहास बनाउन सक्छन्।

'कार्यबाहक र पूर्ण महासचिव भएर नेपालले १५ वर्ष पार्टी नेतृत्व गर्नुभयो । अहिलेसम्म ११ वर्ष नेतृत्व गर्नुभएका ओलीले यो कार्यकाल पूरा गर्दा १६ वर्ष पार्टीको नेतृत्व गर्दै सबैभन्दा लामो नेतृत्वको कीर्तिमान बनाउनु हुन्छ,' रिजाल भन्छन्।

तत्कालीन मालेको पहिलो महाधिवेशनबाट महासचिव बनेका मनमोहन अधिकारीपछि एमालेको दुई कार्यकाल अध्यक्ष भएका थिए। तर उनी अध्यक्ष रहँदा पार्टी नेतृत्व महासचिवले नै गर्ने व्यवस्था रहेको एमाले राजनीतिका जानकारहरू बताउँछन्।

पार्टीमा नटिकेका ओलीका प्रतिस्पर्धी

एमाले नेतृत्वका लागि यसअघिका तीन वटै महाधिवेशनमा ओलीसँग प्रतिस्पर्धा गरेका नेताहरू पार्टीबाट अलग भएका छन्।

आठौँ महाधिवेशनमा ओलीलाई पराजित गरेका झलनाथ खनाल, नवौँ महाधिवेशनमा प्रतिस्पर्धा गरेका माधव नेपाल र दशौँमा चुनौती दिएका भीम रावल अहिले एमालेमा छैनन्।

आठौँ महाधिवेशनमा प्रतिस्पर्धा गरेका खनाल र नवौँ महाधिवेशनमा प्रतिस्पर्धा गरेका नेपाल दशौँ महाधिवेशन अघि नै पार्टीबाट अलग भएका थिए।

एमालेबाट अलग भएर नेकपा एकीकृत समाजवादी गठन गरेका माधव नेपाल र पूर्व अध्यक्ष झलनाथ खनाल अहिले प्रचण्ड संयोजक रहेको नेपाली कम्युनिस्ट पार्टी (नेकपा)मा छन्।

विसं २०७८ मङ्सिरमा चितवनको सौराहामा भएको दशौँ महाधिवेशनमा ओलीले सर्वसम्मत चुनिने प्रयास गरे पनि चुनावको अडान राखेर चुनौती दिएका भीम रावल पनि ११औँ महाधिवेशनसम्म आइपुग्दा एमालेबाट अलग भइसकेका छन्।

एमालेबाट कारबाहीमा परेपछि मातृभूमि जागरण अभियान सञ्चालन गर्दै आएका रावल पनि अहिले पुष्पकमल दाहाल नेतृत्वको नेकपामै समाहित भएका छन्।

**कक्षा नदोहोर्‍याउने वाचा**

दशौँ महाधिवेशनका बेला बन्दसत्रलाई सम्बोधन गर्ने क्रममा ओलीले आफ्नो स्वास्थ्यले लामो समय साथ दिनेमा आशङ्का व्यक्त गरेका थिए।

'म धेरैपल्ट जीर्ण स्वास्थ्य अवस्थाबाट, धेरै जटिल अप्रेसनहरूबाट गुज्रिएर आएको हुँ। भन्न सक्दिनँ, म कति बाँच्छु । तर, मलाई आज सन्तोष लागेको छ, किनभने म तपाईँहरूलाई आफ्नो अगाडि देखिरहेको छु,' आफ्नो वेबसाइट केपी शर्मा ओली डट कममा ओलीले यो भनाइ सङ्ग्रह गरेका छन्।

त्यसको दुई वर्ष अघि मात्रै ओलीले दोस्रो पटक मिर्गौला प्रत्यारोपण गराएका थिए।

ओलीले त्यसअघिको नवौँ महाधिवेशनमा उम्मेदवारी दिने क्रममा नै आफू 'कक्षा दोहोर्‍याएर नपढ्ने' घोषणा गरेका थिए। तर दोस्रो पटक अध्यक्ष बन्ने घोषणा गरेपछि ओलीले आफ्नो पुरानै घोषणाबारे प्रस्टीकरण दिनु परेको थियो।

'क्लास छउन्जेल दोहो¥याएर पढ्दिनँ क्लास सिद्धिएपछि के गर्ने,' ओलीले २०७८ सालमा भनेका थिए। 'अध्यक्षभन्दा माथि जाने ठाउँ भए माथि जान्थेँ योभन्दा माथि जाने ठाउँ छैन के गर्ने।'

रामनाथ दाहालले बनाएका थिए नेता

झापा आन्दोलनको जगमा राजनीति शुरु गरेका ओली झापा आन्दोलनकै अगुवाहरू पुग्न नसकेको ठूलो कम्युनिस्ट पार्टीको नेतृत्वमा पुग्ने नेता बनेको लेखक तथा अध्येता निरोज कट्टेल बताउँछन्।

तेह्रथुमको ईवा गाउँमा २००८ साल फागुन ११ गते साधारण किसान परिवारमा जन्मिएका ओलीले चार वर्षकै उमेरमा आमा गुमाएका थिए।

उनका पिता मोहनप्रसाद ओली २०२० सालमा पूर्वी पहाडी जिल्ला तेह्रथुमबाट झापा बसाइँ सरे । त्यहीँ ओलीलाई झापा आन्दोलनबारे नजिकबाट बुझ्ने अवसर मिलेको बताइन्छ।

'रामनाथजीले नै उहाँको घर छेउको स्कुलबाट आफ्नो घरछेउको घैलाडुब्बा विद्यालयमा पढ्न ल्याउनु भएको रहेछ । म २०२५ सालमा विवाह गरेर जाँदा उहाँ हाम्रै घरमा बसेर पढ्नु हुन्थ्यो,' झापा आन्दोलनका शहीद रामनाथ दाहालकी श्रीमती तथा पूर्व राष्ट्रिय सभा सदस्य विशेश्वरा दाहाल भन्छिन् । झापा विद्रोहका अगुवा दाहाललाई तत्कालीन राज्य पक्षले जेल सार्ने क्रममा २०२९ सालमा हत्या गरेको बताइन्छ।

दाहालकै सङ्गतमा हुर्किएका ओली १५ वर्षको उमेरमै २०२३ सालमा माक्र्सवादी अध्ययन दलमा आबद्ध भएको आफ्नो वेबसाइटमा राखेको संक्षिप्त जीवनीमा ओलीले उल्लेख गरेका छन्।

ओलीले २०२६ साल माघमा नेपाल कम्युनिस्ट पार्टीको सदस्यता पाएका थिए। त्यसको ४५ वर्षपछि उनी पहिलो पटक पार्टी नेतृत्वमा पुगे।

झापामा कथित सामन्तहरूको हत्या गरेर विद्रोह शुरु गरेका कम्युनिस्ट नेताहरूको खोजी शुरु भएपछि केपी ओली पनि भागेर भारत पुगे।

पहिलो पटक ओलीले २०६५ सालमा बुटवलमा भएको आठौँ महाधिवेशनमा अध्यक्षमा उम्मेदवारी दिएका थिए।

त्यस बेला उनी झलनाथ खनालसँग पराजित भए । त्यसको करिब छ वर्षपछि काठमाण्डूमा भएको नवौँ महाधिवेशनमा ओली माधव नेपाललाई पराजित गर्दै पार्टी अध्यक्ष बने।

त्यसपछि २०७८ मङ्सिरको सौराहा महाधिवेशनमा ओली दोस्रो पटक पार्टी अध्यक्षमा निर्वाचित भए।

रौतहटमा पक्राउ पर्दा नाम ढाँटेको प्रसङ्ग

निरोज कट्टेलले आफ्नो पुस्तक झापा विद्रोहको अन्तर्कथामा ओली पक्राउ हुँदा नाम ढाँटेको प्रसङ्ग उल्लेख गरेका छन्।

झापा विद्रोह लगत्तै आफ्ना राजनीतिक गुरु रामनाथ दाहाल पक्राउ परेपछि ओली भारत गएर लुकेका थिए। केही समय भारत बसेर नेपाल फर्कने क्रममा २०३० साल असोज २३ गते उनी रौतहटमा पक्राउ परे।

मोहनचन्द्र अधिकारीसँगै पक्राउ परेका ओलीले शुरुमा आफू झापा विद्रोहका आरोपी खड्गप्रसाद ओली नभएको देखाउने प्रयास गरेका थिए।


'उनले नाम वतन फरक पारेर असोज २८ गते जिल्ला प्रहरी कार्यालय गौरमा बयान दिए,' कट्टेलले पुस्तकमा लेखेका छन्। त्यस बेला ओलीले आफ्नो नाम नरप्रसाद ओझा भएको बताएका थिए। तर उनले नाम र ठेगाना ढाँटेको पत्ता लगाएपछि प्रहरीले उनीसँग कार्तिक १३ गते फेरि बयान लिएको कट्टेलले लेखेका छन्।

विसं २०३० असोजमा पक्राउ परेका ओली १४ वर्ष जेल बसेपछि २०४४ साल असार ११ गते रिहा भएका थिए । पक्राउ गरेर उनलाई मङ्सिरमा काठमाण्डूको भद्रगोल जेलमा राख्दा कठोर यातना दिइएको उनले बताउँदै आएका छन् । जेलबाट रिहा भएपछि ओली नेकपा मालेको केन्द्रीय सदस्यमा मनोनीत भएका थिए। त्यसपछि कुनै पनि पदाधिकारी नभई ओली एकै पटक पार्टीको अध्यक्षमा निर्वाचित भए।

'उहाँ पार्टी पदाधिकारी नभए पनि नेतृत्वसँग नजिक भएर काम गर्नुभयो । मदन भण्डारी हुँदा पनि र पछि माधव नेपाल हुँदा पनि उहाँ संस्थापन निकट नै रहनुभयो,' लेखक कट्टेल भन्छन्।

'उहाँ आफैँ नेतृत्वमा नआउँदासम्म चाहिँ पार्टीमा लोकतन्त्र र सामूहिक नेतृत्वको पक्षधर छवि भएको नेता पनि हो।' बीबीसी

# महासचिवमा दोहोरिएका शंकर पोखरेलको राजनीतिक यात्रा



गणेश आचार्य

राजनीतिमा वैचारिक स्पष्टता, प्रखर वक्तृत्व क्षमता र सांगठनिक दक्षता भएका सीमित नेतामध्ये एक हुन् शंकर पोखरेल। मुलुकमा आर्थिक–सामाजिक रुपान्तरणको मौलिक चिन्तन र सिर्जनात्मक अवधारणा बोक्ने नेताका रूपमा परिचित पोखरेल एमालेको मार्गदर्शक सिद्धान्त जनताको बहुदलीय जनवादको कुशल व्याख्याताको रूपमा समेत चिनिन्छन्।

मुलुकमा सशस्त्र द्वन्द्व चर्किरहेको बेला त्यसको निकासका निम्ति संविधानसभाको निर्वाचन अपरिहार्य भएको तर्क राख्ने पोखरेलले नेपालको आवश्यकताअनुसार लागू गर्नुपर्ने संघीय प्रणालीको मौलिक ढाँचासमेत प्रस्तुत गरेका थिए। सादा जीवनशैली, निष्कलंक छवि र अध्ययनशील नेताको परिचय बनाएका शंकर पोखरेललाई समकालीन नेपाली राजनीतिमा मुलुकलाई नेतृत्व दिनसक्ने दूरदृष्टि र दृढ संकल्प भएको दोस्रो पुस्ताको सम्भावनायुक्त नेताका रूपमा लिइन्छ।

शंकर पोखरेलको जन्म १५ फागुन २०१९ मा हालको लुम्बिनी प्रदेश, दाङ जिल्लास्थित तुलसीपुर उपमहानगरपालिका– १९, हाडिमेमा बुबा केशवराज शर्मा र आमा तिलकादेवीको कान्छो सन्तानका रूपमा भएको हो। आफ्नै गाउँमा प्रारम्भिक शिक्षा हासिल गरेका उनले दाङको तुल्सीपुरस्थित महेन्द्र मावि टारीगाउँमा एसएलसी परीक्षाको तयारी गर्दागर्दै मण्डले गुण्डागर्दी र प्रशासनिक दमनका कारण विद्यालय छोड्नुप¥यो। त्यसपछि भारतको वनारसबाट प्राइभेट परीक्षार्थीको रूपमा बोर्ड परीक्षा उत्तीर्ण गरे । तत्पश्चात् उनले बीकमसम्मको अध्ययन बनारसबाटै पूरा गरे।

बाल्यकालदेखि नै राजनीतिक चेतना राख्ने पोखरेल २०३५ सालबाट विद्यार्थी राजनीतिमा संलग्न भए भने २०३६ सालको विद्यार्थी आन्दोलनमा समेत संलग्न भए । उनी २०३७ सालमा आन्दोलनका क्रममा पहिलो पटक जेल परे।

विद्यार्थी राजनीतिकै क्रममा पटकपटक पक्राउ परेका उनले भारतमा अध्ययनरत छँदा अखिल भारत नेपाली स्वतन्त्र विद्यार्थी युनियन गठन गरी प्रवासी विद्यार्थीहरूको हकहितको पक्षमा संघर्ष गर्न थाले। त्यही क्रममा उनी जननेता मदन भण्डारीको सम्पर्कमा पुगे।

मदन भण्डारीसँगको सम्पर्क र सम्बन्धले उनको राजनीतिक जीवनमा नयाँ मोड ल्यायो । नेता भण्डारीकै मार्गदर्शन र प्रेरणामा पोखरेल २०४२ सालमा नेपाल फर्किएर विद्यार्थी राजनीतिमा संगठित र क्रियाशील भए।

अखिल भारत नेपाली स्वतन्त्र विद्यार्थी युनियनको प्रथम अध्यक्षलगायतको जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गरेका पोखरेलले नेपाल आएपछि अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) को बागमती अञ्चल कमिटीमा रहेर काम गरे। त्यसपछि २०४५ सालमा उनी देशको सबैभन्दा ठूलो र प्रतिष्ठित विश्वविद्यालय त्रिभुवन विश्वविद्यालयमा स्वतन्त्र विद्यार्थी युनियनको सभापतिमा निर्वाचित भए।

त्रिविको स्ववियु सभापतिको रूपमा उनले विद्यार्थीको हकअधिकार, शैक्षिक सुधार र प्राज्ञिक स्वतन्त्रताका साथै राजनीतिक मुद्दामा समेत नेतृत्वदायी भूमिका निर्वाह गरे । विद्यार्थी नेताको रूपमा पोखरेलले चलाएको अभियान निरंकुश पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय प्रजातन्त्रको स्थापनाका निम्ति बलियो आधार बनेको थियो।

त्यसक्रममा विद्यार्थी समुदायका साथै विश्वविद्यालय तहमा स्थापित भएको लोकप्रियताले उहाँको सार्वजनिक छवि, विश्वासनीयता र राजनीतिक उचाइसमेत थपिँदै गयो।

२०४६ सालमा पञ्चायती व्यवस्था अन्त्यका लागि भएको जनआन्दोलनमा विद्यार्थी फाँटबाट नेतृत्वदायी भूमिका खेलेका पोखरेल अनेरास्ववियुको उपाध्यक्ष हुँदै २०४७ सालमा माले–माक्र्सवादी एकतासँगै भएको नेप्रवियुसँगको एकतापश्चात् अनेरास्ववियुको केन्द्रीय अध्यक्ष बन्न सफल भए । उनी अध्यक्ष छँदा भएको स्ववियु निर्वाचनमा अनेरास्ववियुले उल्लेख्य सफलता हासिल ग¥यो।

विद्यार्थी नेताको रूपमा लोकप्रियता हासिल गरेका पोखरेल २०५१ सालमा प्रतिनिधिसभा सदस्यको जिम्मेवारीसँगै पार्टी राजनीतिमा क्रियाशील बने । २०५४ सालमा तत्कालीन विद्यार्थी नेतृ सुजिता शाक्यसँग जनवादी विवाह गरेका पोखरेल दम्पतीका दुई छोरी छन्।

२०५१ सालमा भएको आमनिर्वाचनबाट नेकपा (एमाले) देशकै ठूलो राजनीतिक दलको रूपमा स्थापित भयो । मनमोहन अधिकारीको प्रधानमन्त्रीत्वमा प्रथम कम्युनिस्ट सरकार गठन भयो । पोखरेल त्यही अवधिमा पार्टीको प्रचार विभाग प्रमुख बने । अनि सरकारलाई लोकप्रिय बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरे।

एमालेको २०५४ सालमा नेपालगञ्जमा सम्पन्न छैटौँ महाधिवेशनबाट केन्द्रीय सदस्य बनेका पोखरेल २०५९ सालमा जनकपुरमा सम्पन्न सातौँ महाधिवेशनबाट पुनः केन्द्रीय सदस्य बने। २०६५ सालमा बुटवलमा सम्पन्न आठौँ महाधिवेशनबाट सचिवमा निर्वाचित पोखरेल २०७१ मा सम्पन्न नवौँ महाधिवेशनपछि पार्टी स्थायी कमिटी सदस्यको भूमिकामा रहे।

३२ वर्षको उमेरमा पहिलोपटक २०५१ सालमा दाङको क्षेत्र नम्बर ३ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित पोखरेलले संसदमा जनसरोकारका विषयलाई जोडदार ढंगले उठाए। मुलुकमा सशस्त्र द्वन्द्व उत्कर्षमा रहेको बेला हिंसाको अन्त्य र राजनीतिक निकासको पक्षमा जनमत सिर्जना गर्न उनले माओवादी हिंसाबाट अति प्रभावित राप्ती अञ्चलका पहाडी जिल्लाहरु रुकुम, रोल्पामा शान्ति पदयात्राको नेतृत्व गरे।

२०५९ माघमा जनकपुरमा भएको एमालेको सातौँ महाधिवेशनमा उनले अब संविधानसभाबाट नै राजनीतिक निकास खोज्नुपर्छ भन्दै प्रस्ताव पेस गरे । संविधान सभामार्फत राजनीतिक निकास खोज्नुपर्छ र गणतन्त्रतर्फ अग्रसर हुनुपर्छ भन्ने पोखरेलको दस्तावेजलाई त्यतिबेला पार्टीले स्वीकार गरेन। यद्यपि उनले प्रयास भने छोडेनन्।

२०६० सालमा 'संविधानसभा, राज्यको पुनर्संरचना र समावेशी लोकतन्त्र' नामक पुस्तक लेखेर मुलुक संघीयतामा जानुपर्ने प्रस्ट दृष्टिकोण अघि सारे र पार्टीलाई राज्य पुनर्संरचनाको पक्षमा उभ्याउन भूमिका खेले। अन्ततः पार्टी पोखरेलको वैचारिक लाइनमा अघि बढ्यो।

२०६२–२०६३ को जनआन्दोलनमा देशको राजधानी काठमाडौँमा आन्दोलनको नेतृत्व गरेका पोखरेल पहिलो पटक गणतन्त्रको पक्षमा त्रिचन्द्र क्याम्पसमा आयोजना गरिएको खुला कार्यक्रमको प्रमुख वक्ता थिए, जहाँ उनले गणतन्त्रको पक्षमा उभिन सबैमा आह्वान गरेका थिए।

१९ माघ २०६१ मा शाही 'कू'मार्फत प्रजातन्त्रको अपहरण गरी लादिएको निरंकुश शाहीसत्ता २०६२÷२०६३ को जनआन्दोलनको बलमा अन्त्य भयो । ११ वैशाख २०६३ मा मुलुकमा लोकतन्त्रको स्थापना भयो। ५ मंसिर २०६३ मा बृहत शान्ति सम्झौतासँगै दश वर्ष लामो सशस्त्र द्वन्द्वको अन्त्य भयो।

२०६४ चैतमा संविधानसभाको निर्वाचन सम्पन्न भयो। १५ जेठ २०६५ मा संविधानसभाको पहिलो बैठकसँगै औपचारिक रूपमा राजतन्त्रको अन्त्य भई मुलुक गणतन्त्रको नयाँ युगमा प्रवेश ग¥यो । संविधानसभाको गठन भए पनि संविधान निर्माणको कार्य सहज रूपमा अघि बढ्न सकेन।

मुलुक संक्रमणकालीन राजनीतिक जटिलतामा फस्दै गयो । पहिलो संविधानसभाबाट सबैभन्दा ठूलो दल बनेको नेकपा (माओवादी) सरकार सञ्चालनमा असफल भएपछि २०६६ सालमा नेकपा (एमाले) को नेतृत्वमा नयाँ सरकार गठन भयो । संविधानसभा सदस्यसमेत रहेका पोखरेल सूचना तथा सञ्चारमन्त्री बने। त्यस क्रममा नेपाल सरकारको प्रवक्तासमेत भएका उनले संक्रमणकालीन राजनीतिक जटिलताको व्यवस्थापनका साथै नेपाल सरकारको सेवा प्रवाह, सूचना प्रविधिको पहुँच विस्तार एवम् मन्त्रालय र अन्तर्गतका निकायको संस्थागत विकासमा महत्त्वपूर्ण योगदान गरे।

नेपालले स्पेसको अधिकार गुमाएको अवस्थामा उनकै पालामा सो अधिकार फिर्ता ल्याउने काम भयो । नेपालको आकाशमा विदेशी च्यानलको निर्वाध प्रवेशलाई नियन्त्रण र व्यवस्थापन गर्न कानुन बन्यो । यस्तै, नेपाल टेलिकमको डाटाको प्रयोगमा जोड दिने र सूचना महामार्गको विकासको अवधारणा पनि सोही समयमा अघि बढाइयो । फलतः नेपालले दूरसञ्चारको क्षेत्रमा महत्त्वपूर्ण फड्को मार्न बलियो आधार बन्यो।

पहिलो संविधानसभा संविधान जारी गर्न असफल भएपछि २०७० सालमा सम्पन्न निर्वाचनबाट गठित दोस्रो संविधानसभाले ३ असोज २०७३ मा नयाँ संविधान जारी ग¥यो। नयाँ संविधानबमोजिम संघीय प्रणालीअन्तर्गत २०७४ मंसिरमा सम्पन्न निर्वाचनमा पोखरेल दाङ क्षेत्र नम्वर २ (क) बाट प्रदेशसभा सदस्यमा निर्वाचित भए। त्यसपछि उनी तत्कालीन प्रदेश नं. ५ हालको लुम्बिनी प्रदेशको पहिलो मुख्यमन्त्री बन्न सफल भए।

मुलुकमा पहिलोपटक स्थापित प्रदेश संरचनाप्रति जनअपेक्षा अत्यधिक थियो भने पूर्वाधार, शासकीय अनुभव र स्रोतसाधनका दृष्टिले चुनौतीको पहाड खडा थियो । मुख्यमन्त्रीको हैसियतमा शून्यको अवस्थाबाट कार्यप्रारम्भ गरेका पोखरेलले समृद्ध प्रदेश, खुसी जनताको लक्ष्यका साथ नागरिकमा सेवा प्रवाह, विकास निर्माण, समृद्धि र सुशासनको क्षेत्रमा उल्लेख्य योगदान गरे।

हरेक प्रदेशका लागि सबैभन्दा प्रमुख चुनौती प्रदेशको नामकरण र राजधानीको निर्धारण थियो। यद्यपि उनको कुशल नेतृत्वकै कारण निरन्तरको छलफल र बहसको प्रक्रियाद्वारा तीनवटा आञ्चलिक मनोविज्ञानलाई जोडेर एउटा साझा मनोविज्ञान तयार गरी प्रदेशको स्थायी राजधानी दाङको देउखुरी उपत्यका र प्रदेशको नाम लुम्बिनी राख्न सम्भव भयो। संस्थापक मुख्यन्त्रीको रूपमा संघीय प्रणालीको जग बसाउन सफल पोखरेलले पार्टीको लोकतन्त्रीकरणका साथै राष्ट्रिय जीवनमा पनि उल्लेखनीय योगदान पु¥याएका छन्।

उनले नेकपा (एमाले)को २०६५ फागुनमा बुटवलमा सम्पन्न आठौँ महाधिवेशनमा पार्टी जीवनको लोकतन्त्रीकरणसम्बन्धमा पूरक प्रस्ताव पेस गरे, जसलाई महाधिवेशन प्रतिनिधिहरूले सर्वसम्मत रूपमा स्वीकार गरेपछि एमाले बहुपदीय प्रणालीमा गएको हो।

यस्तै, २०७१ असारमा काठमाडौँमा सम्पन्न पार्टीको नवौँ महाधिवेशनमा उनले प्रस्तुत गरेको मुलुकको आर्थिक–सामाजिक विकास र रुपान्तरणसम्बन्धी अवधारणा अर्को महत्त्वपूर्ण दस्तावेज बन्न पुग्यो। राष्ट्रिय राजनीतिका प्रमुख मुद्दाहरूमा पार्टी दृष्टिकोण निर्माण गर्न पोखरेलले निरन्तर नेतृत्वदायी भूमिका खेल्दै आएका छन्।

नेकपा (एमाले) र माओवादी केन्द्रको एकीकरणपछि गठित नेकपामा उत्पन्न मतभेदलाई अन्त्य गरी पार्टी एकतालाई अक्षुण्य राख्न उनले निरन्तर संवादमा रही अथक प्रयास गरे। यद्यपि त्यो सफल हुन सकेन। तर, विभाजनको कठिन घडीमा पार्टी अध्यक्ष केपी शर्मा ओलीको प्रत्यक्ष समन्वयमा रही पार्टीलाई थप क्षति हुनबाट जोगाउँदै बलियो शक्तिका रूपमा स्थापित गरिराख्न उनले निर्वाह गरेको व्यक्तिगत र सामूहिक भूमिका भने स्मरणीय छ।

त्रिभुवन विश्वविद्यालयबाट एमबीए तहको अध्ययन पूरा गरेका पोखरेल भू–राजनीति र अर्थशास्त्रबारे राम्रो ज्ञान भएका नेतामध्ये एक हुन्। लामो समय पार्टी स्कुल विभागको जिम्मेवारीमा रहेर पोखरेलले पार्टी कार्यकर्तालाई प्रशिक्षित गरेका छन्। पोखरेल पार्टीमा प्रस्ट वैचारिक दृष्टिकोण, राजनीतिक अडान र कार्यशैलीमा एकरुपता कायम गर्न सक्ने सीमित नेताहरूमध्ये एक हुन्।

पोखरेलका राजनीतिक, वैचारिक र समाजका विविध क्षेत्रका विषय समेटिएका थुप्रै पुस्तक र लेख रचनाहरू प्रकाशित छन्। उनले साहित्य सिर्जनातर्फ पनि उत्तिकै सक्रियताका साथ कलम चलाउँदै आएका छन्। पोखरेलले युगलहर, सिमानापारिको हुङ्कार, राष्ट्रिय विकल्प, राष्ट्रिय संकल्पलगायत पत्रिका र साहित्यिक रचना संग्रहको सम्पादन पनि गरेका छन्। 'एक्काइसौँ शताब्दी' नामक वैचारिक पत्रिकाको प्रकाशन र सम्पादनमा समेत उनको नेतृत्वकारी भूमिका रहेको थियो।

केन्द्रीय कमिटीको सदस्यसमेत नभएको अवस्थामा उनले पार्टीको प्रचार विभाग प्रमुख र पार्टीको मुखपत्र नवयुगको प्रधान सम्पादकको जिम्मेवारी वहन गरेका थिए। पटकपटक जेल र दर्जनौँपटक हिरासतमा रहेर राजनीतिक स्वतन्त्रता, जनहित र समानताको पक्षमा संघर्ष गरेका पोखरेल समग्र नेपालको आर्थिक विकासको खाका कोर्न सक्ने सीमित नेताहरूमध्ये पर्छन्।

नेकपा (एमाले) का लोकप्रिय नेता शंकर पोखरेल २०७८ मंसिरमा चितवनमा सम्पन्न पार्टीको दशौँ महाधिवेशनबाट सर्वसम्मतिले महासचिवमा चुनिए। देशको सबैभन्दा ठूलो राजनीतिक पार्टीको महासचिवको हैसियतमा उनले पार्टीको आन्तरिक संगठन सञ्चालन मात्र नभई राष्ट्रिय राजनीतिमा समेत नेतृत्वदायी भूमिका निर्वाह गरिरहे । उनै लोकप्रिय नेता शंकर पोखरेल एमालेको एघारौँ महाधिवेशनमा सुरेन्द्र पाण्डेलाई २ सय ३० मतले पराजित गर्दै दोस्रोपटक महासचिवमा निर्वाचित भएका छन्।

# मिडियालाई जीवन्त राख्न तीनै तहका सरकार गम्भीर बन्नुपर्नेमा जोड




**सिरहा ।**
मिडियालाई स्वतन्त्र, सक्षम र जीवन्त राख्न सङ्घ, प्रदेश र स्थानीय गरी तीनै तहका सरकार गम्भीर बन्नुपर्नेमा वक्ताले जोड दिएका छन् ।

मिडिया काउन्सिल मधेश प्रदेशद्वारा बिहीबार लहानमा आयोजित 'सञ्चारमाध्यमको अवस्था र चुनौती' विषयक गोष्ठी कार्यक्रममा उनीहरुले सञ्चार क्षेत्रले भोग्दै आएका समस्या समाधानमा राज्यको सक्रिय भूमिका अपरिहार्य रहेको बताएका हुन् ।

प्रमुख अतिथि मधेश–प्रदेशसभा सदस्य जीवछी यादवले लोकतन्त्र सुदृढ बनाउन स्वतन्त्र र उत्तरदायी मिडियाको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्दै पत्रकारको सुरक्षादेखि पेशागत अधिकारसम्म राज्यले ध्यान दिनुपर्ने बताइन् । उनले भनिन्, 'लोकतन्त्रको मेरुदण्ड मिडिया हो ।

स्वतन्त्र, सक्षम र जिम्मेवार मिडिया बिना सुशासन सम्भव हुँदैन । आज सञ्चार माध्यमहरू आर्थिक संकट, सुरक्षा चुनौती र नीतिगत अस्पष्टताबाट गुज्रिरहेका छन् । यस्ता समस्याको समाधानका लागि संघ, प्रदेश र स्थानीय तीनै तहका सरकारले गम्भीर भएर ठोस नीति र कार्यक्रम ल्याउनुपर्छ ।'

मधेश प्रदेश आमसञ्चार प्राधिकरणका अध्यक्ष जीतेन्द्र खड्गाले सञ्चार माध्यमहरू आर्थिक, प्रविधिगत र नीतिगत चुनौतीमा रहेको भन्दै सरकारी नीति तथा कार्यक्रममार्फत मिडियालाई सशक्त बनाइनुपर्ने आवश्यकता औंल्याए ।

त्यस्तै, मधेश प्रदेश मिडिया काउन्सिलका कार्यबाहक अध्यक्ष सुरेशकुमार यादवले पत्रकारिता क्षेत्रलाई व्यवस्थित र मर्यादित बनाउन काउन्सिलले आमसञ्चार प्राधिकरणलगायत विभिन्न निकायहरुसँग समन्वय र सहकार्यको नीति लिएको बताए ।

नेपाल पत्रकार महासंघ मधेश प्रदेश समितिका उपाध्यक्ष अम्बिका दाहालले इमान्दार भएर पत्रकारिता गर्नुपर्नेमा जोड दिँदै पत्रकार आचारसंहितालाई ध्यान दिन पत्रकारहरुलाई आग्रह गरिन् ।

नेपाल पत्रकार महासंघ सिरहा शाखाका अध्यक्ष मनोज बनैता यादव र सप्तरी शाखाका अध्यक्ष श्रवण देवले स्थानीय सञ्चार माध्यमहरू टिकाइराख्न विज्ञापन नीति, क्षमता अभिवृद्धि तथा पत्रकारको सामाजिक सुरक्षामा विशेष ध्यान दिनुपर्ने धारणा राखे ।



आगलागीबाट उखु नष्टः सर्लाहीको गोडैता नगरपालिका–४, रोहुवामा आगोले जलेर नष्ट भएको उखु । सोमबार दिउँसो उखु खेतमा आगलागी हुँदा गोडैता नगरपालिका अन्तर्गत पर्ने तीन गाउँस्थित खेतमा लगाइएको उखु जलेर सखाप भएको छ । तस्बिरः रासस

## पदीय मर्यादाअनुरूप काम नगर्नेलाई कारबाही

**धनुषा ।**
मधेश प्रदेशका १८ वटा सरकारी कार्यालयमा छड्के निरीक्षण गरिएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट दुई–दुई जनाको सम्मिलित आठ वटा टोली बनाएर मङ्गलबार र बुधबार छड्के अनुगमन गरिएको हो । अनुगमनका क्रममा मङ्गलबार ४८ र बुधबार २४ जना गरी ७२ जना कर्मचारी कारबाहीमा परेका निमित्त प्रमुख सचिव रामकुमार महतोले जानकारी दिए । पदीय मर्यादाअनुरूप काम नगरेको पाइएका दुई जना उपसचिवलगायत विभिन्न मन्त्रालयमा कार्यरत कर्मचारीसहित ७२ जना कारबाहीमा परेको उनले बताए ।

कर्मचारीले लापरबाही गरेको जनगुनासो बढेपछि जनकपुरधामस्थित प्रदेश सरकारका विभिन्न मन्त्रालय र मातहतका १८ वटा कार्यालयमा लगातार दुई दिन गरेको छड्के अनुगमनको क्रममा बिदा स्वीकृतिबिना नै घर बसेका ३४ जना र तोकिएको पोसाक नलगाइ कार्यस्थलमा उपस्थित भएको पाइएका ३८ जनालाई कारबाही गरिएको हो ।

त्यस क्रममा खेलकुद तथा समाज कल्याण मन्त्रालयका नौ जना, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका चार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका तीन, शिक्षा तथा संस्कृति मनत्रालयका पाँच, गृह सञ्चार तथा कानुन मन्त्रालय एक, उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालयका आठ, वन तथा वतावरण मन्त्रालयका छ, भौतिक पूर्वाधार विकास मन्त्रालयका पाँच, ऊर्जा सिँचाई तथा खानेपानी मन्त्रालयका तीन जनालगायत विभिन्न कार्यालयका कर्मचारीहरू कारबाहीमा परेका हुन् ।

प्रदेश सरकार मातहतका आठै जिल्लामा रहेका कार्यालयको छड्के अनुगमनलाई निरन्तरता दिइने निमित्त मुख्य सचिव महतोले बताए । यसअघि सरकारी काम कारबाहीलाई चुस्तदुरूस्त र प्रभावकारी बनाउने उद्देश्यसहित मुख्यसचिव महतोले २३ बुँदे निर्देशन जारी गरेका थिए ।

## जसपा नेपालद्वारा उम्मेदवारहरुको नाम सिफारिस



**मधेशदृष्टि**
**रौतहट ।**
फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि रौतहटको चारै क्षेत्रबाट जसपा नेपालले एकल सिफारिस गरिएको छ ।

क्षेत्र १ बाट प्रतिनिधिसभा सदस्यको प्रत्यक्ष उम्मेदवारका रूपमा पूर्वमन्त्री योगेन्द्र यादव, क्षेत्र नम्बर २ बाट जिल्ला समन्वय समिति रौतहटका पूर्व उपसभापति राम आशिष (वसिष्ठ) यादव, क्षेत्र नम्बर ३ बाट पूर्वमन्त्री गोविन्द चौधरी र क्षेत्र नम्बर ४ बाट जसपाका केन्द्रीय सल्लाहकार समिति सदस्य राजकुमार दास सिफारिस भएका हुन् ।

क्षेत्रीय भेलामा सहभागी नेता–कार्यकर्ताहरूका अनुसार लामो राजनीतिक अनुभव, बलियो सङ्गठन क्षमता र जनतासँगको नजिकको सम्बन्धका आधारमा चारैजनाको एकल नाम सिफारिस गरिएको बताए ।

## मुख्यमन्त्री कार्यालय कानून मन्त्रालयमा सारिने

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशको मुख्यमन्त्री कार्यालय गृह, सञ्चार तथा कानून मन्त्रालयमा सारिने भएको छ । जेन्जी आन्दोलनक्रममा मुख्यमन्त्री कार्यालय जलाइएपछि मधेश भवनभित्रको कबर्डहलमा अस्थायी रूपमा कार्यालय सञ्चालन हुँदै आएको थियो । तर, त्यहाँ मुख्यमन्त्रीको छुट्टै कार्यकक्ष नभएकाले कार्यालय व्यवस्थापनमा कठिनाइ भइरहेको थियो । यसअघि केही समयदेखि मुख्यमन्त्रीको कार्यकक्ष गृह, सञ्चार तथा कानून मन्त्रालयमा मन्त्री बस्ने कक्षमा स्थापना गरिएको थियो । अब मुख्यमन्त्रीस्तरीय निर्णयअनुसार सम्पूर्ण मुख्यमन्त्री कार्यालय नै सोही मन्त्रालयमा सार्ने निर्णय भएको छ ।

मुख्यमन्त्री कार्यालयका उपसचिव रोहित कोइरालाका अनुसार यसका लागि मन्त्रालयमा आवश्यक पत्राचार भइसकेको छ । साथै, हाल मुख्यमन्त्री कार्यालय सञ्चालन भइरहेको कबर्डहलमा गृह, सञ्चार तथा कानून मन्त्रालय सारिने व्यवस्था मिलाइने उनले जानकारी दिए ।

## केन्द्रीय कारागारबाट भागेका कैदी पक्राउ

**मधेशदृष्टि**
**बारा ।**
केन्द्रीय कारागार जगन्नाथदेवल सुन्धारा काठमाडौँबाट फरार भएका लागुऔषध मुद्दामा पुर्पक्षका लागि थुनामा रहेका दुई प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ ।

भदौ २४ गते कारागार तोडी फरार भएका बारा जिल्ला करैयामाई गाउँपालिका वडा नं. ७ पिपरा निवासी २९ वर्षीय विवेक चौधरी र २३ वर्षीय कृष्णा चौधरीलाई जिल्ला प्रहरी कार्यालय बारा मातहतको प्रहरी चौकी बारागढीबाट खटिएको टोलीले नियन्त्रणमा लिएको हो ।

विशेष सूचनाका आधारमा खोजतलास गर्दा उनीहरूलाई बिहीबार करैयामाई गाउँपालिकाको पिपरास्थित आफ्नै गाउँबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ । काठमाडौं जिल्ला अदालतको आदेशले पुर्पक्षका लागि थुनामा रहेका बेला भागेका दुवै जनालाई आवश्यक कारबाहीका लागि कारागार कार्यालय वीरगन्ज, पर्सामा पठाइएको छ ।

## पत्रकार आक्रमण घटनामा सहमति

**मधेशदृष्टि**
**वीरगंज ।**
समाचार संकलनका क्रममा पत्रकार शैलेस गुप्तामाथि जिराभवानी गाउँपालिकाका कर्मचारीले हातपात गरेको विषयमा सञ्चारकर्मी र कर्मचारीबीच सहमति भएको छ । बुधबार पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालको रोहबरमा सहमति भएको हो । छलफलमा कर्मचारी पक्षधरले आफ्नो कमजोरी र गल्ती स्वीकारेपछि सहमतिको वातावरण बनेको पत्रकार गुप्ताले बताए । जनताको काम समयमा गर्ने, फोन उठाउने, कार्यलयमा समयमा उपस्थित हुनेलगायतका प्रतिबद्दता जिराभवानी गाउँपालिकाका कर्मचारीले जाहेर गरेका छन् ।

## अन्तर–विद्यालयस्तरीय आर्ट तथा ह्यान्डराइटिङ प्रतियोगिता हुने

**मधेशदृष्टि**
**वीरगंज ।**
निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) पर्साको आयोजनामा शुक्रबार अन्तर–विद्यालयस्तरीय आर्ट तथा ह्यान्डराइटिङ प्रतियोगिता सम्पन्न हुने भएको छ ।

पर्सा जिल्लामा प्याब्सनसँग आबद्ध ३५ निजी विद्यालयका ४ सय भन्दा बढी विद्यार्थी सहभागी हुने प्रतियोगिता वीरगंजस्थित राणीसती मन्दिर धर्मशालामा बिहान १० बजेदेखि शुरु हुने प्याब्सन पर्साका सचिव अशोक सङ्ग्रौलाले जानकारी दिए ।

विद्यार्थीहरूमा कलात्मक क्षमता विकास गर्नुका साथै राम्रो हस्तलेखनको महत्वप्रति सचेत गराउने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको सङ्ग्रौलाले बताए । उनका अनुसार डिजिटल प्रविधिको बढ्दो प्रयोगबीच पनि हस्तलेखनले विद्यार्थीको एकाग्रता, अनुशासन र सिर्जनशीलता अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्छ ।

प्रतियोगिताको सम्पूर्ण व्यवस्थापनको जिम्मेवारी प्याब्सन पर्साका वरिष्ठ सदस्य तथा मुनलाइट स्कुलका संस्थापक सुशील केसीलाई दिइएको छ । केसीका अनुसार प्रतियोगिता समूहगत रूपमा सञ्चालन गरिनेछ । आर्ट विधातर्फ नर्सरीदेखि कक्षा १२ सम्मका विद्यार्थीलाई ६ समूहमा विभाजन गरिएको छ भने ह्यान्डराइटिङ विधातर्फ कक्षा १ देखि १० सम्मका विद्यार्थीलाई ४ समूहमा प्रतिस्पर्धा गराइनेछ ।

निष्पक्ष र तटस्थ मूल्यांकन सुनिश्चित गर्न काठमाडौँबाट विशेष निर्णायक मण्डल बोलाइएको आयोजकले जनाएको छ । प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थी तथा समूहलाई मेडल, शिल्ड, प्रमाणपत्रसहित आकर्षक पुरस्कार प्रदान गरिनेछ ।

आयोजकका अनुसार प्रतियोगिताले पर्सा जिल्लाका निजी विद्यालयहरूबीच स्वस्थ प्रतिस्पर्धाको वातावरण सिर्जना गर्नुका साथै विद्यार्थीहरूको सर्वाङ्गीण विकासमा सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ ।

**धनुषा जिल्ला अदालतको नाउँमा सार्वजनिक सूचना**
विषयः तपसिलको जग्गा सम्बन्धमा ।

चन्दर देविको नाउँमा रहेको जग्गा जिल्ला धनुषा, कुर्था गा.वि.स. वडा नं. ०२ सिट नं. ५-३१३ कि.नं. ३२ को क्षेत्रफल ०.०२६०.४० मा कची पक्की घर जग्गाको फिल्डवुक उत्तार उक्त जग्गावाट गायत्री देवी यादवलाई जग्गा वाट हटाउने सम्वन्धमा म चन्दर देवी लाई गायत्री देवी सँग कुनै किसिमको लेन देन नरहेको सो गायत्री देवीलाई मेरो जग्गा वाट खाली गराई दिनु हुन जिल्ला अदालतलाई विनम्र अनुरोध गर्दछु । श्रीमान्को जो आदेश ।

मुद्दा नं. ०८१-CP-२७८१/२१५
**निवेदक**
चन्दर देवी पासवान
कुर्था गा.वि.स. वडा नं.-२
नागरिकता नं. १७३०८३/५२४
जारी मिति- २०६३/१०/७

## एमालेमा उप्रेतीलाई अत्यधिक मत



**मधेशदृष्टि**
**सर्लाही ।**
नेकपा एमालेको ११औं महाधिवेशनमा मधेश भूगोल खुलातर्फ हरिप्रसाद उप्रेतीले सर्वाधिक मत ल्याएका छन् । केन्द्रीय निर्वाचन आयोगले बिहीबार सार्वजनिक गरेको अन्तिम मतपरिणाम अनुसार उप्रेतीले १ हजार ५ सय १ मत ल्याएका हुन् । उप्रेती सर्लाही निर्वाचन क्षेत्र नम्बर ३ बाट प्रतिनिधिसभा सदस्य पदमा निर्वाचित भएका थिए । उनी पूर्वरक्षामन्त्रीसमेत हुन् ।

भूगोलको मधेश खुला पाँच जनामध्ये अन्यमा ताराकान्त चौधरीले १ हजार ४ सय ८६ मत ल्याएका छन् । यस्तै एकबाल मियाले १ हजार ४ सय १८, राजकुमार रेखीले १ हजार ३ सय ६८ र मनोजकुमार खड्काले १ हजार ३ सय ६२ मत प्राप्त गरेका छन् ।

यसैगरी ४० वर्ष मुनिका युवामा ई. मोबिन आलमले १ हजार ३ सय १६ मत ल्याएर विजयी भएका छन् । मधेश भूगोल महिलातर्फ आरती भण्डारीले १ हजार ६ सय ३०, कल्पनाकुमारी कटुवालले १ हजार ५० सय र निर्मला देवकोटाले १ हजार ४ सय ३४ मत ल्याएर विजयी भएका छन् ।

यस्तै, नेकपा एमालेको ११औँ राष्ट्रिय महाधिवेशनअन्तर्गत केन्द्रीय सदस्यमा उम्मेदवारी दिएका पर्साका तीन जना उम्मेदवार विजयी भएका छन् । विजयकुमार सरावगी, प्रभु हजरा र निर्मला देवकोटा केन्द्रीय सदस्यमा निर्वाचित भएका हुन् । मधेशी (खुला) क्लस्टरबाट केन्द्रीय सदस्य उम्मेदवार बनेका वीरगंज महानगरपालिकाका पूर्व मेयर विजयकुमार सरावगीले १ हजार ४ सय ९० मत प्राप्त गर्दै विजयी भए । त्यसैगरी खुला दलित क्लस्टरबाट उम्मेदवारी दिएका निवर्तमान प्रतिनिधिसभा सदस्य तथा पार्टीका पर्सा जिल्ला इन्चार्ज प्रभु हजराले १ हजार ४ सय ६५ मत ल्याएर केन्द्रीय सदस्यमा निर्वाचित भए ।

त्यस्तै, भूगोल (मधेशी) महिला क्लस्टरबाट केन्द्रीय सदस्यमा उम्मेदवारी दिएकी निवर्तमान प्रतिनिधिसभा सदस्य निर्मला देवकोटाले १ हजार ४ सय ३४ मत प्राप्त गरी विजयी भएकी छन् ।

# हिन्दूवादी नेताको रिहाइ माग्दै आन्दोलन र प्रदर्शन

**मधेशदृष्टि**
**वीरगंज ।**
जेन्जी आन्दोलनका क्रममा वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहको घरमा आगजनी गरेको आरोपमा पक्राउ परेका हिन्दूवादी नेता रञ्जन सिंह राजपुतको रिहाइ माग गर्दै युवाहरूले बिहीबार वीरगंजमा प्रदर्शन गरेका छन् । प्रदर्शनकारीले जिल्ला प्रहरी कार्यालय पर्सा अगाडिको सडकमा टायर बाल्दै प्रदर्शन गरेका हुन् ।
उनीहरूले राजपुत निर्दोष रहेको दाबी गर्दै तत्काल बिनाशर्त रिहा नगरे अझ सशक्त आन्दोलनमा उत्रिने चेतावनी दिएका छन् । भदौ २३ र २४ गते भएको जेन्जी आन्दोलनका क्रममा वीरगंजमा सार्वजनिक तथा निजी सम्पत्तिमा तोडफोड, आगजनी र लुटपाट भएको थियो । सोही घटनामा संलग्न रहेको आरोपमा प्रहरीले बिहीबारदेखि पक्राउ प्रक्रिया शुरु गरेको हो । पर्सा प्रहरीका अनुसार वीरगंज महानगरपालिका–३ स्थित मेयर राजेशमान सिंहको निजी घरमा आगजनी गरेको आरोपमा वीरगंज महानगरपालिका–९ रानीघाटका करिब ४० वर्षीय रञ्जन सिंह राजपुतलाई अनुसन्धानका लागि नियन्त्रणमा लिइएको हो । उनलाई बिहीबार बिहान सोधपुछका लागि जिल्ला प्रहरी कार्यालय बोलाइएपछि हिरासतमा राखिएको पर्साका प्रहरी उपरीक्षक सुदीपराज पाठकले जानकारी दिए ।
मेयर सिंहले आफ्नो घरमा तोडफोड, आगजनी र लुटपाट गर्नेहरूविरुद्ध किटानी जाहेरी दिएपछि पर्सा जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भएको र सोही आधारमा राजपुतलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । जेन्जी आन्दोलनका क्रममा भदौ २४ गते वीरगंजमा महानगरपालिकाको कार्यालय, विभिन्न वडा कार्यालय, प्रहरी चौकी, सरकारी कार्यालय, राजनीतिक दलका कार्यालय तथा विभिन्न नेताको निजी घरमा तोडफोड, आगजनी र लुटपाट भएको थियो । घटनाबारे अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।



*हुस्सु र आगोः महोत्तरीको जलेश्वर नगरपालिका–८ मा बिहीबार बिहान लागेको हुस्सु र चिसो बढेपछि आगो ताप्दै गरेका स्थानीय । तस्बिरः सञ्जीतकुमार मण्डल*

# मङ्सिरमा रौतहटमा २० जनाद्वारा आत्महत्या

**रौतहट ।**
जिल्ला प्रहरी कार्यालय रौतहटले मङ्सिर महिनाको प्रगति विवरण सार्वजनिक गरेको छ । सार्वजनिक गरिएको विवरण अनुसार मङ्सिर महिनामा मात्रै रौतहट प्रहरीले ८८ वटा मुद्दा दर्ता गरेको हो । तीमध्ये २८ वटा मुद्दा फछ्र्यौट भइसकेको छ भने ६० वटा मुद्दा अनुसन्धानकै क्रममा रहेको जनाएको छ ।
यस अवधिमा विभिन्न मुद्दामा संलग्न ४३ जना प्रतिवादीलाई पक्राउ गरिएको प्रहरीले सार्वजनिक गरेको विवरणमा उल्लेख छ । यस्तै मङ्सिर महिनामा २७ जना व्यक्ति हराएका छन् । त्यसमध्ये ९ जना फेला परेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । हराउने व्यक्तिमध्ये १३ महिला, २ बालक र १२ बालिका छन् । फेला परेकामध्ये ४ महिला, १ बालक र ४ बालिका रहेको प्रहरीले सार्वजनिक गरेको विवरणमा उल्लेख छ ।
एक महिनाको अवधिमा घरेलु हिंसासम्बन्धी घटनामा पनि उल्लेख्य देखिएको छ । मङ्सिर महिनामा मात्रै २८ वटा घरेलु हिंसासम्बन्धी निवेदन जिल्ला प्रहरी कार्यालय रौतहटमा दर्ता भएको छ । तीमध्ये २० वटा निवेदन मिलापत्र भएको छ भने ८ वटा उजुरीमाथि आवश्यक प्रक्रिया अघि बढिरहेको प्रहरीले जनाएको छ ।
रौतहटमा सबैभन्दा गम्भीर विषय आत्महत्याका घटनामा देखिएको छ । जिल्ला प्रहरी कार्यालय रौतहटको तथ्याङ्क अनुसार मङ्सिर महिनामा मात्रै २० जनाले आत्महत्या गरेका छन् । तीमध्ये १७ जनाले झुण्डिएर र ३ जनाले विष सेवन गरेर आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । आत्महत्या गर्नेमा ६ पुरुष, ६ महिला, १ बालक र ७ बालिका छन् । उमेर समूहअनुसार १८ वर्ष मुनिका ८ जना र १८ देखि ६० वर्ष उमेर समूहका १२ जना रहेका छन् ।
लागूऔषध नियन्त्रणतर्फ प्रहरीले एक महिनाको अवधिमा ४ किलो ७ सय ५० ग्राम गाँजा र १ सय ९० मिलिग्राम खैरो हिरोइन बरामद गरेको छ । यस्तै डाइजेपाम, नुफिल्म र फेनार्जनसहित ३ वटा एम्बुलेन्सलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।
मङ्सिर महिनामा मात्रै सवारी दुर्घटनामा ६ जनाको मृत्यु भएको छ भने १ सय ६९ जना घाइते भएको प्रहरीले जनाएको छ । सोही अवधिमा १ हजार १० वटा सवारी साधन कारबाहीमा परेका छन्, जसबाट १० लाख ५६ हजार ५ सय रुपैयाँ राजस्व सङ्कलन भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जानकारी दिएको छ ।

# विश्रामपुरमा प्रमुख प्रशासकीय अधिकृतद्वारा विद्यालय अनुगमन



**राहुल गुप्ता**
**बारा ।**
विश्रामपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुनिल प्रसाद केशरीले गाउँपालिका–४, बलिरामपुरस्थित श्री नेरामाविमा अनुगमन गरेका छन् ।
अनुगमनमा विद्यालयको शैक्षिक अवस्था, भौतिक संरचना, पठन–पाठनको गुणस्तर, विद्यार्थी उपस्थिति तथा व्यवस्थापन पक्षबारे जानकारी लिएका थिए । केशरीले विद्यालय प्रशासन, शिक्षक तथा कर्मचारीसँग छलफल गर्दै शिक्षा सुधारका लागि आवश्यक सुझावसमेत दिए । उनले विद्यालयको समग्र विकासका लागि गाउँपालिकाले आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै शिक्षकलाई गुणस्तरीय शिक्षामा जोड दिन आग्रह गरे ।
अनुगमनले विद्यालयको शैक्षिक वातावरण थप सुदृढ हुने विश्वास व्यक्त गरिएको छ। अनुगमनमा विद्यालय व्यवस्थापन समिति, शिक्षक, कर्मचारी तथा स्थानीय अभिभावकहरूको पनि उपस्थिति थियो ।

# रास्वपा सभापति लामिछानेलाई रिहा गर्न अदालतको आदेश

**मधेशदृष्टि**
**लुम्बिनी ।**
राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई उच्च अदालत तुलसीपुर, बुटवल इजलासले बैंक जमानत स्वीकार गरी रिहा गर्न आदेश दिएको छ । बुटवलस्थित सुप्रिम सहकारीको रकम ठगी मुद्दामा पुर्पक्षका लागि थुनामा रहनुभएका पूर्वउपप्रधान तथा गृहमन्त्री लामिछानेलाई आज रिहा गर्न आदेश भएको हो ।



उच्च अदालत तुलसीपुर बुटवल इजलासका न्यायाधीश वासुदेव आचार्य र तेजनारायण पौडेलको इजलासले अदालतबाट अन्तिम फैसला हुँदा ठहरे बमोजिम हुने नै हुँदा बिगोका हकमा थप दायित्व सृजना गरेमा र तिर्न बुझाउन मञ्जुर भए सो को कागज गरी प्रतिवादी रवी लामिछानेलाई सुप्रिम सहकारीको रकम ठगी मुद्दाको रोहबाट थुनामुक्त गर्नु भनी आदेश भएको अदालतका सूचना अधिकारी रामबहादुर कुँवरले जानकारी दिए ।
सहकारीको रकम अपचलन मुद्दामा पुर्पक्षका लागि थुनामा रहेका लामिछानेले आफू कार्यरत रहेको संस्थामा सुप्रिम सहकारीबाट रकम प्रवाह भएको बिगोमध्ये दामासाहीले हुने बिगो बैंक ग्यारेन्टी राखी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७१ अनुसार बैंक ग्यारेन्टी लिई मुद्दाको पूर्पक्ष गरी पाउँ भनी माग गरेका थिए ।
सोही मागअनुसार लामिछानेले बचतकर्ताको बिगो प्राप्त गर्ने सुनिश्चितता गरेको देखिएकाले बचतकर्ता तथा लगानीकर्ताको रकम सुनिश्चितता नै पहिलो प्राथमिकता हुने ठहर गरी बैंक जमानत स्वीकार गरी मुद्दाको कारबाही अगाडि बढाउन आदेश गरिएको सूचना अधिकारी कुँवरले जानकारी दिए ।
यसरी शुरुमा रुपन्देही जिल्ला अदालतले विसं २०८१ माघ १३ मा शुरु थुनछेकको क्रममा माग गरेको धरौटी रकम दफा ६८ अनुसार स्वीकार गरी प्रतिवादीले निवेदन साथ पेस गरेको बैंक जमानत (ग्यारेन्टी) दुई करोड ७४ लाख ८४ हजार रुपैयाँ बिगोका हक सुरक्षित गर्ने भनी आदेशमा भनिएको छ ।

# आर्थिक पुनरुत्थानमा सरकार र निजी क्षेत्रबीच विश्वास अपरिहार्यः उपराष्ट्रपति

**मधेशदृष्टि**
**ललितपुर ।**
उपराष्ट्रपति रामसहाय प्रसाद यादवले मुलुकको आर्थिक पुनरुत्थानका लागि सरकार र निजी क्षेत्रबीच विश्वासको वातावरण निर्माण अपरिहार्य रहेको बताएका छन् । उनले कृषि, जलस्रोत, पर्यटन तथा पूर्वाधारमा लगानी बढाउन सके रोजगारी सिर्जना, आय वृद्धि र उत्पादन विस्तार हुने बताए ।
गोरखापत्र संस्थानले पुल्चोक, ललितपुरमा आयोजना गरेको ‘दृढतासहित पुनरुत्थानः गोरखापत्र विमर्श’ कार्यक्रमको उद्घाटन समारोहलाई सम्बोधन गर्दै उपराष्ट्रपति यादवले हालैको ‘जेन्जी’ पुस्ताको आन्दोलनले मुलुकलाई नयाँ दिशा दिएको उल्लेख गर्दै पारदर्शिता, सुशासन, भ्रष्टाचारमुक्त समाज र रोजगारीका अवसर सुनिश्चित गर्न निस्कर्षसहितको आर्थिक बहसको आवश्यकतामा जोड दिए ।
उनले अन्तरिम सरकारको निर्वाचन प्राथमिकतासँगै



आर्थिक विकासलाई पनि समान महत्व दिनुपर्ने चुनौती रहेको उल्लेख गर्दै बैंक तथा वित्तीय संस्थामा थुप्रिएको पूँजीलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न सरकार र निजी क्षेत्र काँधमा काँध मिलाएर अघि बढ्नुपर्ने आवश्यकता औंल्याए ।
उपराष्ट्रपति यादवले गोरखापत्र संस्थानले एक शताब्दीभन्दा बढी समयदेखि सत्य, विश्वसनीय सूचना, शिक्षा र मनोरञ्जन प्रदान गर्दै आएको उल्लेख गर्दै ४६ वटा राष्ट्रिय भाषामा सामग्री प्रकाशनमार्फत समावेशी समाज निर्माण र राष्ट्रिय एकता सुदृढ बनाउन संस्थानको योगदान प्रशंसनीय रहेको बताए ।
डिजिटल युगमा पत्रकारिताले तथ्यपरकता र विश्वसनीयता कायम राख्दै अभिलेखीकरणीय पत्रकारिताको अभ्यासमार्फत भविष्यका पुस्ताका लागि अमूल्य सम्पदा निर्माण गर्नुपर्ने आवश्यकता औंल्याउँदै उपराष्ट्रपति यादवले गोरखापत्रलाई आधुनिक प्रविधिसँग सुसंगत बनाउनुपर्नेमा जोड दिए । उनले पत्रकारिताले पूर्वाधार विकासमा पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्ने निगरानी भूमिका खेल्नुपर्ने र निजी क्षेत्रलाई प्रोत्साहन, नीति स्पष्टता तथा लगानीमैत्री वातावरण निर्माणमा सहयोग पु¥याउनुपर्ने बताए ।
गोरखापत्र दैनिक १२५ औं वर्ष प्रवेश गरेको तथा ‘दी राइजिङ नेपाल’ ६१ औं वर्ष पुगेको अवसरमा उपराष्ट्रपतिले संस्थानलाई बधाई दिँदै, यस संस्थानले आयोजना गरेको आर्थिक बहसमा सरकारका उच्च अधिकारी, नीति निर्माता, उद्योगी–व्यवसायी, विज्ञ तथा सञ्चारकर्मीहरूको सहभागिता प्रशंसनीय रहेको बताए ।
उनले गोरखापत्रलाई राष्ट्रको आधिकारिक आवाजका रूपमा लोकतान्त्रिक मूल्य, सामाजिक न्याय र राष्ट्रिय एकताको प्रवर्धनमा निरन्तर योगदान पुर्याउँदै आएको संस्थानको महत्वपूर्ण भूमिकाको प्रशंसा गरे ।
राणाकालीन शासनदेखि संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत सुदृढीकरणसम्म गोरखापत्रले आमनागरिकको आवाजलाई निरन्तर कलममार्फत अभिव्यक्त गर्दै आएको उल्लेख गर्दै उनले यस बहसले मुलुकको अर्थतन्त्रमा सकारात्मक निचोड निकाल्ने विश्वास पनि व्यक्त गरे ।

# अवैध लागुऔषधसहित विभिन्न स्थानबाट १९ जना पक्राउ

**काठमाडौँ ।**
विभिन्न शहरबाट अवैध लागुऔषधसहित १९ जना पक्राउ परेका छन् ।
काठमाडौँ, मोरङ, चितवन, झापा, तनहुँ, सुनसरी, पाल्पा, मकवानपुर, रुपन्देही र नवलपरासी पश्चिमबाट खैरो हेरोइन, ब्राउनसुगर, गाँजा तथा विभिन्न नियन्त्रित औषधि बरामद गरिएको प्रहरीले जनाएको हो ।
काठमाडौँ महानगरपालिका–२६ ठमेलबाट खैरो हेरोइन दुई सय ६३ ग्रामसहित एक जनालाई पक्राउ गरिएको छ भने जमलबाट गाँजासहित एकजना पक्राउ परेका छन् । मोरङ, चितवन र झापाका विभिन्न स्थानबाट खैरो हेरोइन जस्तो देखिने पदार्थसहित व्यक्ति पक्राउ परेका छन् । तनहुँबाट ट्रामाडोल ट्याब्लेटसहित, सुनसरीबाट ब्राउनसुगर तथा विभिन्न नियन्त्रित औषधिसहित पक्राउ गरिएको प्रहरीले जनाएको छ ।
यस्तै, पाल्पाबाट डाइजेपाम, बुप्रेनोर्फिन र फेनारगन एम्पुलसहित दुईजना, मकवानपुरबाट करिब ११ किलो गाँजासहित दुई जना तथा रुपन्देही र नवलपरासी पश्चिमबाट ब्राउनसुगर र गाँजासहित अन्य व्यक्ति पक्राउ परेका छन् । प्रहरीका अनुसार सबै घटनाबारे आवश्यक अनुसन्धान जारी रहेको छ ।

# सखुवा प्रसौनीमा रास्वपाको भेला

**मधेशदृष्टि**
**पर्सा ।**
सखुवा प्रसौनी गाउँपालिकामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रथम पालिका भेला भएको छ । भेलाले शम्भु प्रसाद यादवको सभापतित्वमा नौसदस्यीय नयाँ पालिका कार्यसमिति सर्वसम्मत चयन गरेको छ ।
भेलाबाट निर्वाचित समितिको पदाधिकारीमा उपसभापति सञ्चिता बुढाथोकी, सचिव अफजल हुसैन, कोषाध्यक्ष प्रभु प्रसाद महतो, सहसचिव जनक राज कँडेल चयन भएका छन् ।
यस्तै, सदस्यमा बिरा महतो, अशेशोर साह तेली, निरञ्जन राउत र भोला राउत कुर्मी छानिएका छन् ।
भेलालाई मुख्य वक्ताका रूपमा सम्बोधन गर्दै रास्वपा पर्साका जिल्ला सभापति हरि पन्तले पछिल्लो समय विकसित भएको राजनीतिक चेतना र ‘जेन्जी विद्रोह’ले नेपालका स्थापित पुराना दलहरूको सान्दर्भिकता सकिएको दाबी गरे ।
सभापति पन्तले भने, ‘भदौ २३ र २४ को घटनाक्रमले नेपाली राजनीतिमा कांग्रेस, एमाले, माओवादी र मधेशवादी दलहरूको अस्तित्व र सान्दर्भिकता समाप्त भएको सन्देश दिएको छ । यसले रास्वपा जस्ता वैकल्पिक शक्तिको आवश्यकता र महत्त्वलाई जनतामाझ झनै बलियो गरी स्थापित गरिदिएको छ ।’
उनले आउँदो निर्वाचनमा रास्वपालाई भारी मतका साथ विजयी गराउन स्थानीय बासिन्दासँग आग्रह समेत गरे ।
कार्यक्रममा रास्वपा उपसभापति तुलसा पौडेल, नेताहरू अमन आलम, सब्बु कँडेल, महेन्द्र दास र सोनालाल पटेल लगायतले पार्टीको संगठन विस्तार र सुशासनका मुद्दामा जोड दिएका थिए ।
रास्वपा क्षेत्रीय सभापति मनोज कुर्मीको सभापतित्वमा सम्पन्न भेलाको सहजीकरण कृष्णा पासवानले गरेका थिए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन